नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ११ २०८२ साल साउन १४ गते बुधबार (30 July 2025 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : मुख्य राजमार्गकै ... ३ पृष्ठमा : जलवायु परिवर्तनका चुनौतीको ... ३ पृष्ठमा :आणविक हतियार ...

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

## जनता समाजवादी पार्टी नेपाल सप्तरीको प्रथम अधिवेशन आजदेखि शुरु

# नयाँ नेतृत्वका लागि पाँच जना बीच रस्साकसी



**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

एकताको प्रथम अधिवेशन नजिकिएसँगै जसपा नेपाल सप्तरीमा नयाँ नेतृत्वका लागि अन्तिम चरणको प्रयास निरन्तर चलिरहेको छ ।

अधिवेशनशले आगामी ३ वर्षे कार्यकालका लागी नयाँ नेतृत्नको चयन समेत गर्ने भएकाले अध्यक्ष पदका आकांक्षीहरुले अन्तिम क्षणको प्रयास गरिरहेका हुन ।

सो पार्टीको साउन १४, १५ र १६ गते एकताको प्रथम सप्तरी जिल्ला अधिवेशन हुने कार्यक्रम तय भएको छ । नयाँ नेतृत्वको चयन गरिने उक्त अधिवेशनको राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले उदघाटन गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ ।

अधिवेशनले अध्यक्ष सहित ५७ सदस्यीय नयाँ कार्यसमिती चयन गर्ने छ । स्थानीय साईकृष्णा मेडिकल कलेजको सभाकक्ष भवनमा सुरु हुने अधिवेशनको आवश्यक सूम्पुर्ण तयारी परा भएको जसपा नेपाल सप्तरीका वर्तमान अध्यक्ष केदार प्रसाद यादवले जानकारी दिए ।

नयाँ नेतृत्वको चयन गर्ने अधिवेशनको मिती सार्वजनिक गरिए संगै आकाँक्षीहरु धमाधम रणनीती बनाउदै दावेदारी प्रस्तुत गर्न थालेका छन । नयाँ नेतृत्व कसलाई दिने भन्ने विषयमा पार्टी भित्र गम्भिर छलफल चलिरहेकै बेला वर्तमान अध्यक्ष केदार प्रसाद यादव, उपाध्यक्ष उमेश प्रसाद यादव, सचिव हरेराम यादव, प्रदेश सदस्य सुरेन्द्र यादव र केन्द्रिय सदस्य भीमराज यादव अध्यक्ष पदका लागी दाबेदारी गर्दै सकृयता बढाएका छन ।

अध्यक्ष पदका सबै दाबेदारले संगठनलाई बलियो बनाउने र आगामी स्थानीय, प्रदेश र प्रतिनीधी सभा निर्वाचनमा पार्टीलाई सम्मानजनक अवस्थामा पुऱ्याउने दाबी गरिरहेका छन ।

मधेश प्रदेशका पुर्वमन्त्री एवं पार्टीका केन्द्रिय सचिव शैलेन्द्र प्रसाद साहले अध्यक्ष पदका लागी आकाँक्षीको संख्या धेरै देखिए पछी आफुले सहमती मै नयाँ नेतृत्व चयन गर्ने प्रयास सूरु गरिसकेको बताएका छन ।

"सर्बसम्मतीले नेतृत्व चयन गर्नू नै पार्टीको हितमा हुनेछ, उनले भने("यसका लागी अन्तिम क्षण सम्म मैले प्रयास गर्ने छुँ, ।" उनले अधिवेशन सफल बनाउन सबै नेता/कार्यकर्ता लाई एकजुट भई लाग्न आग्रह समेत गरेका छन । जसपा नेपालका स्थानीय नेता/कार्यकर्ताहरुले भने सहमती बाट नयाँ नेतृत्व चयन हुने सम्भावना न्यून रहेको र निर्वाचन बाटै यसको टुंगो लाग्ने लगभग निश्चित रहेको बताउँछन ।

अधिवेशनमा जिल्लाको १८ वटै पालिकाका गरी झण्डै ५ सय जना प्रतिनीधी सहभागी हुने पार्टीले जनाएको छ ।




## भारत तर्फ तस्करीका लागी तयारी अवस्थामा राखिएका ठुलो परिमाणमा मदिरा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

सप्तरी प्रहरीले राजगढ गाउँपालिका २ स्थित एक वस्तीमा चलाएको सर्च अपरेशनमा भारत तर्फ चोरी निकासीका लागी तयारी अवस्थामा राखिएका ठुलो परिमाणको मदिरा बरामद गरेको छ ।

गोप्य सुचनाको आधारमा सादा पोशाकमा खटेका प्रहरी उपरिक्षक गौतम कुमार केसी, प्रहरी नायब उपरिक्षक जीतेन्द्रकुमार बस्नेत, प्रहरी निरीक्षक बिरेन्द्र कुमार यादव, प्रहरी बरिष्ठ नायब निरिक्षक हरिष बहादुर चन्द र शसस्त्र प्रहरी निरिक्षक गणेश बहादुर न्यौपाने समेतको संयुक्त टोलीले ठुलो परिमाणमा तस्करीका लागी राखिएका विभिन्न ब्राण्डका मदिरा नियन्त्रणमा लिएको हो् ।

बरामद गरिएको मदिराको मुल्य १६ लाख २७ हजार ९ सय ७५ रुपैया मूल्याँकन गरिएको छ । उक्त स्थानमा मंगलवार विहान ६ बजे सम्म छापामारी चलेको प्रहरी उपरिक्षक केसीले जानकारी दिए । मंगलवार दिउँसो जिल्ला प्रहरी कार्यालय सप्तरीमा पत्रकार सम्मेलन गर्दै प्रहरी उपरिक्षक केसीले भारत तर्फ चोरी निकासीका लागी बाँस र फुसको आधा दर्जन अस्थायी घर र गोदाम लगायतका संरचना निर्माण गरी तस्करीका लागी तयारी अवस्थामा राखिएको मदिराहरु बरामद गरिएको जानकारी दिए ।

उनका अनुसार मामाश्री र दिलवाले मदिर ४ सय १० बोतल, कर्णाली गोल्ड २ सय ४० बोतल, कस्तुरी १ हजार ३ सय १५ बोतल, किङ्गफिसर बियर ५ सय ६४

*बाँकी तीन पृष्ठमा*

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरू:
- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

"माटो बचाऔं, भविष्य जोगाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड

